# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. ३२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### प्रहरी ऐन, २०१२ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : प्रहरी ऐन, २०१२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



८२२

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "प्रहरी (पाँचौं संशोधन) ऐन, २०४८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. प्रहरी ऐन, २०१२ को दफा २ मा संशोधन प्रहरी ऐन, २०१२ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ख) झिकिएको छ।

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) नेपाल अधिराज्यको लागि एक वा एक भन्दा बढी प्रहरी फोर्सहरू रहने छन्। प्रहरी फोर्सको गठन र त्यसमा रहने प्रहरी कर्मचारीहरूको संख्या श्री ५ को सरकारले समय समयमा तोकिदिए बमोजिम हुनेछ।"

४. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को उपदफा (३) झिकिएको छ।

५. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः-

"८. प्रहरी उपर नियन्त्रण : जिल्लास्तरीय प्रहरी कर्मचारीहरू शान्ति सुरक्षा र सो सम्बन्धी प्रशासनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहने छन् र सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तथा निर्देशनको पालना गर्नु प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ। कानून बमोजिम प्रमुख जिल्ला अधिकारीले गर्नु पर्ने अन्य काममा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८५६

निजलाई सहयोग गर्नु जिल्ला प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ।"

६. मूल ऐनको दफा ११क. मा संशोधन : मूल ऐनको दफा ११क. को सट्टा देहायको दफा ११.क राखिएको छ :-

"११क. विभागीय कारबाही र सजाय गर्ने अधिकार : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम विभागीय कारबाही र सजाय गर्ने अधिकार नियममा तोकिएको अवस्थामा सोही बमोजिम र त्यसरी नतोकिएकोमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको समितिलाई हुनेछ।"

७. मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ को:-

(१) उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) अपराधको रोकथाम गर्नु र जनतालाई अनावश्यक झन्झटमा पर्नबाट बचाउ गर्नु।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (२) बमोजिम विना वारेण्ट प्रवेश वा निरीक्षण गरेमा त्यस्तो प्रहरी अधिकृतले सो कुराको कारण सहितको लिखित जानकारी यथाशक्य चाँडो प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८८६

८. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को खण्ड (क) र (ग) मा प्रयोग भएको "सकभर" भन्ने शब्द झिकिएको छ।

९. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-

"१९. सार्वजनिक सभा र जुलुसको व्यवस्था (१) सार्वजनिक बाटो, सडक वा आवत जावत हुने स्थानमा सभा गर्ने वा जुलुस निकाल्ने सम्बन्धमा जनसाधारणलाई असुविधा पर्ने वा शान्ति भङ्ग हुने स्थिति उत्पन्न नहोस् भन्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले सभा वा जुलुसका निम्ति ठाउँ, बाटो र समय तोक्न सक्नेछ।

(२) उपदफा (१) बिपरीत कुनै कार्य भए गरेमा प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले त्यस्तो सभा वा जुलुस रोक्न वा भङ्ग गर्न सक्नेछ।"

१०. मूल ऐनको दफा २२क. मा संशोधन : मूल ऐनको दफा २२क. मा रहेका "स्थानीय पंचायत" भन्ने शब्दहरूको सट्टा "स्थानीय गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मूल ऐनको दफा ३३क. मा संशोधन : मूल ऐनको दफा ३३क. को पहिलो प्रकरणमा रहेका "मृत्युदण्ड वा" भन्ने शब्दहरू झिकिएका छन् र सोही दफाको खण्ड (घ) झिकिएको छ।

१२. मूल ऐनको दफा ३६ मा संशोधन : मूल ऐनको दफा ३६ को,-

(१) उपदफा (१) को खण्ड (ख) मा रहेको "अञ्चल" भन्ने शब्दको सट्टा "क्षेत्रीय" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम जिल्ला प्रहरी विशेष अदालत, क्षेत्रीय प्रहरी विशेष अदालत र केन्द्रीय प्रहरी विशेष अदालतको गठन आवश्यकता अनुसार श्री ५ को सरकार, गृह मन्त्रालयले गर्नेछ र प्रत्येक अदालतमा न्याय सेवाको अधिकृतको अध्यक्षतामा एकजना प्रहरी अधिकृत सहित तीनजना सदस्यहरू रहनेछन् र कारबाहीमा पर्ने व्यक्ति प्रहरी अधिकृत भएमा निजभन्दा तल्लो श्रेणीको अधिकृत विशेष अदालतमा रहने छैन।"

१३. मूल ऐनको दफा ३६ख. मा संशोधन : मूल ऐनको दफा ३६ख. को उपदफा (२) को पहिलो हरफमा रहेका "को खण्ड (ग)" भन्ने शब्दहरू झिकिएका छन्।

१४. खारेजी : मूल ऐनको दफा २५, २६ र ३१ खारेज गरिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. रूपान्तर : मूल ऐनमा "अञ्चलाधीश" र "सर्टिफिकेट" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरुमा त्यसको सट्टा क्रमशः "प्रमुख जिल्ला अधिकारी" र "प्रमाणपत्र" भन्ने शब्दहरू राखिएका छन्।

लालमोहर सदर मिति :- २०४८।८।४।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।